# खाद्यान्न संहितासम्बन्धी जानकारीमूलक सामग्री #33

तपाईंले संहिताका बारेमा थाहा पाइराख्नुपर्ने कुराहरू

WWW.HEALTHOREGON.ORG/FOODSAFETY

## मोबाइल फुड युनिटको ट्याङ्कीको सरसफाइ

**OAR 333-150-0000, परिच्छेद 5-304.15**

**5-304.15 पानीको ट्याङ्कीको सरसफाइ ।** (A) मोबाइल फुड युनिटको पिउने पानीको ट्याङ्कीलाई पहुँचयोग्य र पारदर्शी हुने गरी तयार गरिने छ ताकि हेरेर निरीक्षण गरी सरसफाइ निर्धारण गर्न सकियोस् । फेब्रुअरी 1, 2020 भन्दा पहिले इजाजतप्राप्त गरेका मोबाइल फुड युनिटहरूले यो मापदण्ड पूरा गर्नुपर्दैन । (B) पिउने पानी र फोहोर पानी जम्मा हुने ट्याङ्कीहरूलाई अनिवार्य रूपमा कम्तीमा पनि प्रत्येक छ महिना वा उत्पादकद्वारा सिफारिस गरिएअनुसार सफा गर्नुपर्छ ।

**जनस्वास्थ्यसँग सम्बन्धित कारणहरू:**

सूक्ष्मजीवहरू उत्पन्न हुन नदिन वा दूषित हुने सम्भावनाबाट बच्नका लागि मोबाइल फुड युनिटका ताजा पानी र फोहोर पानी जम्मा हुने ट्याङ्कीहरूलाई अनिवार्य रूपमा नियमित अन्तरालहरूमा जाँच गरिनुपर्छ ।

आफ्नो मोबाइल फुड युनिटका ताजा पानीका ट्याङ्कीहरूलाई बारम्बार सफा गर्नु जरुरी हुन्छ ताकि तपाईंलाई आफूले प्रयोग गरिरहेको पानी सुरक्षित छ भनेर थाहा होस् । समयको बित्दै जाँदा पानीका ट्याङ्कीहरूमा ब्याक्टेरिया उत्पन्न हुन सक्छ जसले ग्राहकहरूलाई बिरामी बनाउन सक्छ ।

**यदि ट्याङ्की उत्पादकका निर्देशनहरूमा सिफारिस गरिएको छ भने ताजा पानी र फोहोर पानी जम्मा हुने ट्याङ्कीहरूलाई अनिवार्य रूपमा कम्तीमा पनि प्रत्येक छ छ (6) महिनामा वा अझ छिटो-छिटो सफा गर्नुपर्दछ ।**

सरसफाइको प्रक्रिया सुरु गर्नुभन्दा पहिले सोचविचार गर्नुपर्ने केही कुराहरू:

- तपाईंले आफ्नो ताजा पानीको ट्याङ्कीलाई दुई पटक पूरै भरेर खाली गर्नुपर्छ (एकपटक क्लोरिन मिसाइएको पानीले र पखाल्नका लागि अर्को पटक सफा पानीले) ।
- सरसफाइको बेला आफ्नो फोहोर पानी जम्मा हुने ट्याङ्कीहरूलाई खाली गराउनका लागि तपाईं स्वीकृत वेस्टवाटर डिस्पोजल साइटको नजिक भएको वा इजाजतप्राप्त पम्पर (पम्प चलाउने व्यक्ति) उपलब्ध रहेको हुनुपर्ने छ ।
- क्लोरिन मिसाइएको पानीका लागि तपाईंले 5-8% क्लोरिन (वा ब्लिच) रहेको सोडियम हाइपोक्लोराइट भनिने झोल पदार्थ प्रयोग गर्नुहुने छ । तपाईंले अनिवार्य रूपमा कुनै पनि अतिरिक्त सामग्रीहरू नथपीकन गन्धरहित ब्लिच प्रयोग गर्नुपर्छ । क्लोरिन मिसाइएको पानी तपाईंका ट्याङ्कीहरूमा केही घण्टा रहनुपर्छ, त्यसैले यो तपाईंको व्यवसाय बन्द भएको बेला गर्दा राम्रो हुने छ ।
- आफ्नो युनिटलाई समतल सतहमा पार्क गर्नुहोस् जसले गर्दा तपाईंका ट्याङ्कीहरूका सबै भागहरू एकैनासले सफा हुने छन् ।

ट्याङ्कीहरूलाई सफा गर्नका लागि तपाईंले आफ्नो ताजा पानीको ट्याङ्कीलाई दुई पटक पूरै भरेर खाली गर्नुपर्छ: एकपटक क्लोरिन मिसाइएको पानीले र पखाल्नका लागि अर्को पटक सफा पानीले । निर्दिष्ट निर्देशनहरूका लागि पृष्ठ 2 हेर्नुहोस् ।



***ताजा पानीका ट्याङ्कीहरू अनिवार्य रूपमा पारदर्शी र सजिलैसँग पहुँचयोग्य हुनुपर्छ । ट्याङ्कीहरूलाई युनिटबाट हटाउन नमिल्ने हुन सक्छ ।***

आफ्नो मोबाइल युनिटका ट्याङ्कीहरू सफा गर्दा उत्पादकका निर्देशनहरू र स्थानीय नियमहरू पालना गर्नुहोस् । कुनै पनि प्रश्नहरू भएमा आफ्नो निरीक्षकलाई फोन गर्नुहोस् । नियमित मर्मतसम्भार र सही सरसफाइले तपाईंले आफ्ना सेवाग्राहीहरूलाई सफा पानी उपलब्ध गराइरहनुभएको कुरा सुनिश्चित गर्ने छन् ।

**अमेरिकन वाटर वर्क्स एसोसिएसन (अमेरिकी खानेपानी संघ) ले आफ्ना ताजा पानीका ट्याङ्कीहरू सफा गर्नका लागि यी चरणहरू पालना गर्न सिफारिस गर्छ:**

1. आफ्नो पानीको ट्याङ्कीको क्षमता र 50ppm क्लोरिन झोलका लागि तपाईंलाई कति ब्लिच आवश्यक पर्छ भनेर हिसाब गर्नुहोस् । क्लोरिन कन्सन्ट्रेसन क्यालकुलेटर यहाँ फेला पार्न सकिन्छ: www.omnicalculator.com/chemistry/bleach-dilution
2. आफ्नो ताजा पानीको ट्याङ्कीको मुखबाट सावधानीपूर्वक सही मात्रामा ब्लिच खन्याउनुहोस् । त्यसपछि ट्याङ्की भर्नका लागि पानी हाल्नुहोस् र तपाईंसँग 50ppm क्लोरिन झोल छ भनेर सुनिश्चित गर्नका लागि आफ्नो परीक्षण स्ट्रिप प्रयोग गर्नुहोस् ।
3. तपाईंले ब्लिचको गन्ध थाहा पाउँदासम्म र आफ्नो परीक्षण स्ट्रिपहरू प्रयोग गर्दा धाराबाट 50ppm क्लोरिन मिसिएको पानी देख्दासम्म सबै धाराहरू (तातो तथा चिसो) खुला राख्नुहोस् । 50 ppm हुँदा सेतो स्ट्रिपमा हल्का निलो/बैजनी रङ देखिन्छ ।
4. धाराहरू बन्द गर्नुहोस् र ट्याङ्कीमा छ (6) घण्टासम्म पानी रहिरहन दिनुहोस् ।
5. यो पानी नपिउनुहोस् वा आफ्नो मोबाइल फुड युनिटमा कुनै पनि कामका लागि यसलाई प्रयोग नगर्नुहोस् !
6. छ (6) घण्टापछि ताजा पानीको ट्याङ्कीमा भएको पानी फोहोर पानी जम्मा हुने ट्याङ्कीमा खन्याउनुहोस् र 30 मिनेटसम्म पर्खनुहोस् ।
7. पर्खंदै गर्दा फुड ग्रेड पाइप प्रयोग गरेर ताजा पानीको ट्याङ्की पुन: भर्नुहोस् । त्यसपछि आफ्नो फोहोर पानी जम्मा हुने ट्याङ्कीमा फेरि एक पटक वा ब्लिचको गन्ध कम नहुँदासम्म र तपाईंले आफ्नो परीक्षण स्ट्रिपमा निलो रङ नदेख्दासम्म पानी बगेर जान दिनुहोस् ।
8. तपाईंले क्लोरिन झोलको सही मात्रा प्रयोग गरेसम्म तपाईंले ब्लिचको हल्का गन्ध र स्वाद पाए पनि यो हानिकारक हुँदैन ।

## सफाइ अभिलेखको उदाहरण:

| | |
|---|---|
| **Employee Name:** | **Freshwater Tank Size (gal):** |
| **Date:** | **Amount of chlorine bleach to use:** |

| Date | Chlorine Concentration (ppm) | Start Time | End Time | Clean water rinse? (Y/N) | No smell from faucet when turned on? (Y/N) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |